# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, चैत १५गते २०४४ साल (अतिरिक्ताङ्क ६१ (ख)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतका प्रधान न्यायाधीश एवं अन्य न्यायाधीशहरू, राजसभा स्थायी समितिका सभापति एवं सदस्यहरू, लोक सेवा आयोगका अध्यक्ष एवं सदस्यहरू, अख्तियार दुरूपयोग निवारण आयोगका प्रमुख आयुक्त एवं आयुक्तहरू, महालेखा परीक्षक, प्रमुख निर्वाचन आयुक्त, महान्यायाधिवक्ता, न्यायिक समितिका अध्यक्ष र सदस्यहरू, अञ्चलाधीश तथा निजामती शाही सेना र प्रहरीतर्फका विशिष्ट श्रेणीका पदाधिकारी-हरूलाई देहायबमोजिम मोटर झिकाउन सुविधा दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. जीप वा १३०० सी.सी. सम्मको १ मोटरकार खरीद गर्न आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा दिने ।

२. उक्तबमोजिम पैठारी भई आउने जीप वा मोटरकारमा भन्सार महसूल र बिक्रीकरबापत पैठारी मूल्यको १०% लिई बाँकी छूट दिने । पैठारी इजाजत दस्तूरबापत आयात इजाजत मूल्यको एक प्रतिशत मात्र लिने ।

३. महसूल सुविधाअन्तर्गत पैठारी भई आउने उक्त सवारीका साधनहरू बुझेको मितिबाट ५ वर्षसम्म बेचबिखन गर्न नपाउने र ५ वर्षपछि बिक्री गर्न चाहेमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पैठारी हुँदा कायम भएको मूल्यमा ५ वर्षसम्मलाई वार्षिक १०% का दरले ह्रास कट्टी गरी सो बाँकी मूल्यमा लाग्ने महसूलमा ५०% भन्सार महसूल छूट दिई बिक्रीकर पूरै छूट दिने।

४. संवैधानिक अङ्गका सदस्यहरूले आफ्नो पदमा ३ वर्ष काम गरेपछि र अन्य पदाधिकारीहरूले आफ्नो सेवा अवधि २५ वर्ष पूरा गरेपछि मात्र यो सुविधा अन्तर्गत मोटर झिकाउन पाइनेछ।

५. आफू सेवा निवृत्त नहुँदै विदेशी मुद्राको सुविधा लिई प्रतीतपत्र खोली मोटर झिकाई सकेपछि सामान आई नपुग्दै आफ्नो कार्यकाल समाप्त गरी सेवा निवृत्त भएमा पनि उक्तबमोजिमको भन्सार र बिक्रीकरको सुविधा पाउनेछन्।

६. यस सुविधाअन्तर्गतको सवारी साधन प्राप्त भएपछि दोहोरो सवारी सुविधा लिन नपाउने गर्न अरू सवारी साधन नदिने।

७. इन्धनको कोटा निर्धारण गरी कोटा अनुसार इन्धनको र ड्राइभरको रकमको सुविधा दिने।

८. सवारी साधनको मर्मत सम्भार आफ्नै तर्फबाट गर्नु पर्नेछ।

९. जुनसुकै पदमा रहे पनि एक पटक उपरोक्त सुविधामा मोटर झिकाई प्राप्त भएका मितिले ५ वर्षभित्रमा अर्को मोटर झिकाउने सुविधा पाइनेछैन।

१०. यस्तो सुविधाबाट आफ्नो निजी मोटर लिएपछि सरकारी मोटर र ड्राइभर उपयोग गर्न पाइनेछैन।

तर देहायका पदाधिकारीहरूलाई यो बन्देज लागू हुनेछैन।

(क) सम्माननीय प्रधानमन्त्री
सम्माननीय प्रधान न्यायाधीश
सम्माननीय अध्यक्ष, राष्ट्रिय पञ्चायत
सम्माननीय सभापति, राजसभा स्थायी समिति
माननीय सदस्यहरू, मन्त्रिपरिषद्
प्रमुख आयुक्त, अख्तियार दुरुपयोग निवारण आयोग
महालेखा परीक्षक
अध्यक्ष, लोक सेवा आयोग
प्रमुख निर्वाचन आयुक्त
महान्यायाधिवक्ता
अञ्चलाधीश

(ख) सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय र जिल्ला छाडी सरकारी काममा, भ्रमण जाँदा सरकारी सवारी साधन प्रयोग गर्न सकिनेछ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9260